नेपाल सरकार

**अर्थ मन्त्रालय**

**आन्तरिक राजस्व विभाग**

# मध्यमस्तरीय करदाता कार्यालय

बबरमहल काठमाडौं

मिति: २०७५।०५।१९

सूचना! सूचना!! सूचना!!!

साविक आन्तरिक राजस्व कार्यालय काठमाडौं क्षेत्र नं. १ र २ (हालको मध्यमस्तरीय करदाता कार्यालय) को दैनिक कामकारबाहीमा प्रयोग भएका विभिन्न पुराना कागजातहरु धुल्याउने प्रयोजनको लागि सरकारी कागजात धुल्याउने नियमावली २०२७ (संशोधन २०७०।०१।३०) बमोजिम कागजातको वर्गिकरण गरी धुल्याउनको लागि मिति २०७५।०५।१९ मा निर्णय भए बमोजिम उक्त पुराना कागजातहरु के कति दररेटमा लिने हो इच्छुक व्यक्ति, फर्म, कम्पनी वा कागज कारखानाबाट यो सूचना प्रकाशित भएको मितिले ५ (पांच) दिनभित्र सिलबन्दी कोटेशन खरिद गरी कार्यालयमा कार्यालय समय भित्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

<u>कोटेशन पेश गर्न आवश्यक कागजात:</u>

१. फर्म, कम्पनी वा कारखानाको हकमा दर्ता प्रमाणपत्र, भ्याट/प्यान प्रमाणपत्र, तथा आ.व. २०७३/२०७४ सम्मको कर चुक्ताको प्रमाण ।

२ व्यक्तिको हकमा नागरिकताको प्रमाणपत्र

३. दररेट पेश गर्दा पुराना कागजातहरुको प्रति के.जी. को दररेट पेश गर्नुपर्नेछ ।

४. दररेट पेश गर्दा प्रति के.जी. को दररेट अंक र अक्षरमा प्रष्ट उल्लेख हुनुपर्नेछ ।

५. कागजातहरु हेर्न चाहेमा कार्यालयको स्टोर शाखामा सम्पर्क राखि हेर्न सकिने छ ।

६. कोटेशन पेश गर्ने व्यक्ति, फर्म वा कम्पनीले कोटेशन साथ रु. ५,०००। (पांच हजार) धरौटी राख्नुपर्नेछ ।

७. सबैभन्दा बढी रकम कबोल गर्नेले आफूले कबोल गरेको दरमा धुल्याउनका लागि छुट्याएका सम्पूर्ण कागजातहरु संझौता गरेको मितिले ३(तीन) दिनभित्र राजश्व रकम बुझाई उठाई लैजानु पर्नेछ । अन्यथा धरौटी जफत गरी क्रमश: दोस्रो बढी कबोलवालालाई दिइनेछ ।